# त्रिवेणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः ८ प्रकाशन मितिः २०७६/१०/१६

# भाग २

## त्रिवेणी गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम त्रिवेणी गाउँपालिका, रोल्पाको गाउँ कार्यपालिकाले बनाएको तपसिलमा लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सामुदायिक विद्यालयहरूमा शिक्षण सिकाई वृद्धि अनुदान व्यवस्था गर्न बनेको कार्यविधि, २०७६

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७६/०९/२५
प्रमाणिकरण मितिः २०७६/१०/१५

### प्रस्तावना

नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरी धारा ३१ मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ र राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भनी व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आधारभूत तथा

माध्यमिक शिक्षाको नीति, कानून, मापदण्ड निर्माण, योजना तर्जुमा र कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन जस्ता व्यवस्थापकीय जिम्मा स्थानीय सरकार मातहत राखिदिएको छ।

यस त्रिवेणी गाउँपालिका भित्रका ४० वटा विद्यालयहरुमा १२ वटा माध्यमिक विद्यालय, २८ वटा आधारभूत विद्यालय र ३७ वटा बाल विकास केन्द्र सञ्चालित छन् जसमा माध्यमिक विद्यालयमा राहत, उ. मा. वि. अनुदान र दरबन्दी गरी जम्मा १७ वटा, आधारभूत विद्यालयहरुमा १–३, १–५ र १–८ गरी राहत र दरबन्दीमा १५७ वटा र बाल विकास केन्द्रहरुमा ३३ वटा छन्। हाल यस त्रिवेणी गाउँपालिकामा प्राथमिक विद्यालय र आधारभूत विद्यालयमा क्रमशः ८७ ओटा र माध्यमिक विद्यालयमा ५ वटा, बाल विकास केन्द्रहरुमा ७ वटा र कार्यलय सहयोगी ४ वटा नीजि श्रोतमा अभिभावकबाट सहयोग, चन्दा वा शुल्क उठाई विद्यालय सञ्चालन गरिएका छन्। यस तथ्यबाट विद्यार्थीहरुको निःशुल्क शिक्षाको हक राज्यले दिन नसकेको प्रष्ट बुझ्न सकिन्छ। त्यस कारण यात संघ वा प्रदेशले यथासिघ्र शिक्षक दरबन्दी सिर्जना गरी माध्यमिक, आधारभूत र प्राथमिक विद्यालयहरुमा शिक्षकहरु नियुक्त गरी पठाउनु पर्ने कित स्थानीय सरकारले विद्यालयमा गुणस्तरीय शिक्षा प्रदान गर्न वैकल्पिक व्यवस्था गर्नुपर्ने देखिएको सन्दर्भमा शिक्षण सेवा प्रवाहलाई प्रभावकारी ढंगबाट सञ्चालन गर्न यस त्रिवेणी गाउँ कार्यपालिकाले यो सामुदायिक विद्यालयहरुमा शिक्षण सिकाई वृद्धि अनुदान व्यवस्था गर्न बनेको कार्यविधि, २०७६ स्विकृति गरी लागु गरेको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भ :

१.१ यस कार्यविधिको नाम सामुदायिक विद्यालयहरुमा शिक्षण सिकाई वृद्धि अनुदान व्यवस्था गर्न बनेको कार्यविधि, २०७६ रहेको छ।

१.२ यो कार्यविधि गाउँ कार्यपालिकाले स्विकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

२) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

२.१ “अध्यक्ष” भन्नाले गाउँपालिकाको अध्यक्ष वा शिक्षा समितिको अध्यक्ष सम्झनु पर्दछ।

२.२ “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ।

२.३ “शिक्षा ऐन” भन्नाले त्रिवेणी गाउँपालिकाको शिक्षा ऐन, २०७४ सम्झनु पर्दछ।

२.४ “कार्यविधि” भन्नाले त्रिवेणी गाउँपालिकामा शिक्षण सिकाई वृद्धि अनुदान व्यवस्था गर्न बनेको कार्यविधि, २०७६ सम्झनु पर्दछ।

२.५ “कार्यालय” भन्नाले त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

२.६ "सामुदायिक विद्यालय" भन्नाले त्रिवेणी गाउँपालिकाका सम्पूर्ण सरकारी विद्यालयहरु सम्झनु पर्दछ ।

२.७ "समिति" भन्नाले त्रिवेणी गाउँपालिकाको शिक्षा समिति सम्झनु पर्दछ ।

२.८ "शिक्षक/कर्मचारी" भन्नाले सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारी सम्झनु पर्दछ ।

२.९ "विद्यालय शिक्षा" भन्नाले बाल विकास कक्षा देखि कक्षा १२ सम्मको शिक्षा सम्झनु पर्दछ ।

२.१० "गाउँपालिका" भन्नाले त्रिवेणी गाउँपालिका रोल्पालाई सम्झनु पर्दछ ।

२.११ "शिक्षण सिकाई वृद्धि अनुदान" भन्नाले तहगत शुन्य दरबन्दी वा न्यून दरबन्दी भएका सामुदायिक विद्यालयहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्न तथा शिक्षणमा सहयोग पुग्ने गरी गाउँ कार्यपालिकाबाट निर्णय गरी गाउँसभाबाट विनियोजित बजेटको सीमामा आधारित भै दिइएको शिक्षण सहयोग निर्वाह खर्च वा सहुलियत खर्च रकम सम्झनु पर्दछ ।

## परिच्छेद – २

## वर्तमान अवस्था तथा स्थिति विश्लेषण

३) शैक्षिक संस्थाहरुको वर्तमान अवस्था :

३.१ शैक्षिक सत्र २०७६ मा त्रिवेणी गाउँपालिका अन्तर्गत रहेका माध्यमिक, आधारभूत र प्राथमिक विद्यालयहरु र शिक्षक दरबन्दी विवरण यस कार्यविधिको अनुसूची - १ मा राखिएको छ ।

४) स्थिति विश्लेषण :

४.१ १२ ओटा माध्यमिक विद्यालयहरु अनुमति लिई सञ्चालनमा रहेकाकोमा २ ओटा कक्षा १२ सम्मका माध्यमिक विद्यालय बाहेक १० ओटा प्रस्तावित माध्यमिक विद्यालयहरुमा स्थायी दरबन्दी एउटा पनि नभएको ।

४.२ १ देखि ३, १ देखि ५ र १ देखि ८ सम्मको प्राथमिक र आधारभूत तहमा २८ ओटा विद्यालयहरुमा तहगत र विषयगत शिक्षकहरु नभएको, जम्मा १५७ जना दरबन्दी रहेको तथा विद्यार्थी संख्या बढी भएको ।

४.३ प्लस टु, बाली विज्ञान र पशु विज्ञान सञ्चालन भएका माध्यमिक विद्यालयमा प्रयाप्त दरबन्दी नभएको ।

४.४ भौगोलिक विकटताको कारण विद्यालयहरु छरिएर रहेकोले सबै विद्यालयलाई मर्ज गर्न असम्भव रहेको ।

४.५ स्वीकृत दरबन्दीको अनुपातमा विद्यार्थी चाप बढि भएको ।

४.६ अविभावकको शैक्षिक चेतना र आर्थिक अवस्था कमजोर रहेकाले सहयोग उठाएर विद्यालय सञ्चालन गर्न सक्ने स्थिति नभएको ।

परिच्छेद – ३

कानुनी व्यवस्था विश्लेषण

५) नेपालको संविधान र शिक्षा सम्बन्धी अन्य ऐन, कानुनमा भएको व्यवस्था

५.१ कक्षा १ देखि १२ सम्मको सम्पूर्ण शिक्षाको व्यवस्थापन गर्ने जिम्मेवारी वर्तमान संघीय कानून बमोजिम स्थानीय तहलाई सुम्पेको ।

५.२ नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक अन्तर्गत कक्षा ८ सम्मको शिक्षा पूर्णतः निःशुल्क तथा अनिवार्य र ९ देखि १२ को शिक्षा निःशुल्क हुनेछ भनी घोषणा गरेको ।

५.३ शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ मा समेत आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक शिक्षा निःशुल्क हुने भनी उल्लेख गरेको ।

५.४ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनहरुमा नेपाल सरकारले माथिको बुदा ५.२ मा उल्लेखित व्यवस्था कार्यान्वयनका सवालमा पटक पटक प्रतिवद्धता जनाएको ।

५.५ बाल अधिकार सम्बन्धी वर्तमान नीतिगत व्यवस्था बमोजिम बालबालिकाको पढ्न पाउने अधिकार जन्मसिद्ध नैसर्गिक अधिकारको रुपमा उल्लेख भएको ।

परिच्छेद – ४

अनुदान वितरण मापदण्ड

६) शिक्षण सिकाई वृद्धि अनुदान वितरण सम्बन्धी मापदण्डहरु : देहाय बमोजिमका मापदण्डहरुका आधारमा रही विद्यालयहरुलाई शिक्षण सिकाई वृद्धि अनुदान वितरण गरिने छ-

६.१ विद्यार्थी संख्या ।

६.२ विद्यालयको अवस्थिति तथा भौगोलिक अवस्था

६.३ हालसम्मको सरकारी दरबन्दीको उपलब्धता ।

६.४ समग्र शैक्षिक तथा प्रशासनिक नतिजा ।

६.५ शैक्षिक अनुशासन तथा विद्यालयको व्यवस्थापकीय पक्ष ।

७) शून्य दरबन्दी तथा न्यून दरबन्दि भएका र प्रस्तावित विद्यालयलाई प्राथमिकताका आधारमा अनुदान दिइने छ ।

## परिच्छेद – ५

## कार्यशर्त, पारिश्रमिक र अवधि

८) कार्यविधि लागु हुने कार्यशर्त, पारिश्रमिक र अवधि :

८.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ ज (२१) बमोजिम माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन तथा सामुदायिक विद्यालयलाई दिने, अनुदान तथा बजेट व्यवस्थापन स्थानीय तहले गर्ने व्यवस्था भए बमोजिम यस त्रिवेणी गाउँपालिकामा शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि नियमित कक्षा, कोचिङ कक्षा तथा उपचारात्मक कक्षा सञ्चालन गर्नु पर्नेछ ।

८.२ गाउँपालिकाले विद्यालयहरुमा यस कार्यविधि बमोजिम अवधि तोकी करारमा अनुदान शिक्षक राख्न सक्नेछ ।

८.३ यस कार्यविधिको बुदा ८.२ को शिक्षण सिकाई अनुदानमा शिक्षक छनौट सम्बन्धी व्यवस्था यस गाउँपालिकाको शिक्षा ऐन तथा नियमावली, २०७४ बमोजिम अन्य शिक्षक सरह नै हुनेछ ।

८.४ यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गरिएका विद्यालयहरुमा शिक्षण सिकाई वृद्धि अनुदान रकम गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

८.५ यस कार्यविधि बमाजिम अनुदान कोटाको करार नियुक्ति लिएको शिक्षकले करारमा काम गरेको आधारमा भविष्यमा कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि कुनै दावी गर्न पाउने छैन ।

८.६ यस कार्यविधिको बुदा ८.२ बमोजिम करार सम्झौता गर्दा काम शुरु गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नु पर्नेछ । तर त्यस्तो करारको अवधि एक पटकमा १ वर्ष भन्दा बढि हुने छैन । अर्को वर्षमा अनुदान व्यवस्था नभएमा स्वतः अवकाश हुने छ ।

८.७ यस कार्यविधि बमोजिम करार गरिएको पदमा वा दरबन्दीमा नेपालको संविधान बमोजिम शिक्षक दरबन्दी थप गरी आएमा त्यस्तो शिक्षकको करार सम्झौता स्वतः अन्त्य हुनेछ ।

## परिच्छेद – ६

## विविध

९) थपघट गर्न सकिने : यस कार्यविधिको कार्यान्वयनको क्रममा थप व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

अनुसूची – १

(परिच्छेद ३ को दफा ३.१ सँग सम्बन्धीत)

## विद्यालय विवरण र दरबन्दी २०७६

| क्र. स. | विद्यालयको नाम | बा. वि. के. | | प्रा. वि. | | आ. वि. | | मा. वि. | | जम्मा दरबन्दी | | बि.सं. | सि.उ. % | गा.पा. स्तरीय नतिजा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | निजि | सरकारी | निजि | सरकारी | निजि | सरकारी | निजि | सरकारी | नीजि | सरकारी | | | |
| १ | श्री मा.वि. यारी | | १ | ५ | ३ | | – | | | ५ | ४ | | | |
| २ | श्री आ.वि. करेटी | | १ | ८ | ३ | | – | | | ८ | ४ | | | |
| ३ | श्री प्रा.वि. हुन्दुङ | | १ | १ | ३ | | – | | | १ | ४ | | | |
| ४ | श्री प्रा.वि. तुक्ला | | १ | – | ३ | | – | | | – | ४ | | | |
| ५ | श्री प्रा.वि. सिवाङधारा | | १ | १ | २ | | – | | | १ | ३ | | | |
| ६ | श्री आ.वि. जेल्वाङ | | १ | ४ | ३ | | – | | | ४ | ४ | | | |
| ७ | श्री अरनिको मा.वि. नुवागाउँ | | १ | ३ | ५ | | ४ | ४ | ५ | ७ | १७ | | | |
| ८ | श्री मा.वि. दहबन | | १ | ६ | ४ | | – | १ | – | ७ | ५ | | | |
| ९ | श्री मा.वि. द्धारपानी | | १ | ३ | ६ | | २ | | | ३ | ९ | | | |
| १० | श्री मा.वि. झुम्लुङ | | १ | ५ | ६ | | ३ | | १ | ५ | ११ | | | |
| ११ | श्री आ.वि. ह्याङ | | १ | ४ | ४ | | – | | | ४ | ५ | | | |
| १२ | श्री प्रा.वि. रामपुर | | १ | – | ३ | | – | | | – | ४ | | | |
| १३ | श्री प्रा.वि. धानवाङ | | – | १ | ६ | | – | | | १ | ६ | | | |
| १४ | श्री प्रा.वि. कोटनेटा | | १ | २ | २ | | – | | | २ | ३ | | | |
| १५ | श्री आ.वि. रामीडाँडा | | १ | २ | ३ | | – | | | २ | ४ | | | |
| १६ | श्री प्रा.वि. रातामाटा | | १ | – | ३ | | – | | | – | ४ | | | |
| १७ | श्री मा.वि. लिङदुङ | | १ | १ | ५ | | ३ | | | १ | ९ | | | |
| १८ | श्री प्रा.वि. रानागाउँ, जंगडाँडा | | – | १ | – | | – | | | १ | – | | | |
| १९ | श्री प्रा.वि. जप्का | | १ | २ | १ | | – | | | २ | २ | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २० | श्री आ.वि. लामपुतली | | १ | ३ | ४ | | – | | | ३ | ५ | | | |
| २१ | श्री मा.वि. सिमपानी | | – | १ | ९ | १ | २ | | | १ | ११ | | | |
| २२ | श्री प्रा.वि. थापरचौर | | – | ३ | २ | | – | | | ३ | २ | | | |
| २३ | श्री जनजागरण प्रा.वि. जुगार | | – | १ | १ | | – | | | १ | १ | | | |
| २४ | श्री मा.वि. जुगार | | १ | – | ६ | | ४ | | ६,३ | – | २० | | | |
| २५ | श्री आ.वि. जगरबोट | | १ | ४ | ३ | | – | | | ४ | ४ | | | |
| २६ | श्री मा.वि. हान्जावाङ | | १ | ३ | ४ | | ३ | | | ३ | ८ | | | |
| २७ | श्री आ.वि. बाँझबोट जुगार | | १ | १ | ४ | | – | | | १ | ५ | | | |
| २८ | श्री जनमिलन प्रा.वि.जुगार | | – | १ | – | | – | | | १ | – | | | |
| २९ | श्री जनज्योति प्रा.वि. रानीपोखरी | | – | ३ | १ | | – | | | ३ | १ | | | |
| ३० | श्री काँशाखानी प्रा.वि. चङवास | | १ | १ | २ | | – | | | १ | ३ | | | |
| ३१ | श्री मा.वि. काउलावोट | | १ | १ | ५ | | ३ | | | १ | ९ | | | |
| ३२ | श्री आ.वि. रिजा जुगार | | १ | १ | ३ | | – | | | १ | ४ | | | |
| ३३ | श्री आ.वि. ढोरेनी | | १ | ३ | ३ | | – | | | ३ | ४ | | | |
| ३४ | श्री प्रा.वि. मुलटाकुरा | | १ | १ | २ | | – | | | १ | ३ | | | |
| ३५ | श्री प्रा.वि. बर्तिवाङ | | १ | १ | २ | | – | | | १ | ३ | | | |
| ३६ | श्री प्रा.वि. रानागाउँ | | १ | – | ४ | | – | | | – | ५ | | | |
| ३७ | श्री मा.वि. गाङ | | १ | ४ | ५ | | ३ | | | ४ | ९ | | | |
| ३८ | श्री प्रा.वि. छापनेटा | | १ | १ | ३ | | – | | | १ | ४ | | | |
| ३९ | श्री मा.वि. दुम्ला | | १ | ४ | ५ | | ३ | | | ४ | ९ | | | |
| ४० | श्री राम प्रा.वि. राम्मी | | १ | १ | – | | – | | | १ | १ | | | |

आज्ञाले
निम बहादुर के. सी.
प्रमुख प्रशासकीय अधिकृत